COVID-19 को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार लगायतका कार्यहरू प्रभावकारी ढंगले छिटो, व्यवस्थित र समन्वयात्मकरूपमा गर्नका लागि श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३४८४, मिति २०७६-१२-२० को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यदिशबमोजिम यस जिल्लाको जिल्लागत Crisis Management Center को बैठक आज मिति २०७८-०१-३० गते देहायका महानुभावहरूको समुपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

उपस्थिति:-

| | | |
|---|---|---|
| प्रमुख जिल्ला अधिकारी | श्री भरत मणी पाण्डे | जिल्ला प्रशासन कार्यालय, मकवानपुर |
| जिल्ला समन्वय अधिकारी | श्री आनन्दराज पोखरेल | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर |
| व.ज.प्र. | श्री प्रणय कुमार उपाध्याय | जिल्ला स्वास्थ्य कार्यालय, मकवानपुर |
| प्रमुख सेनानी | श्री राजेश थापा | पुरानो गोरख गण, सुपारेटार व्यारेक, मकवानपुर |
| प्रहरी उपरीक्षक | श्री सोमेन्द्र सिंह राठौर | जिल्ला प्रहरी कार्यालय, मकवानपुर |
| सशस्त्र प्रहरी उपरीक्षक | श्री निरकृष्ण अधिकारी | सशस्त्र प्रहरी बल नेपाल, नं. १४ गण, हे.क्वा. |
| उप-अनुसन्धान निर्देशक | श्री लीलाधर पौडेल | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मकवानपुर |
| नि.मे.सु. | श्री रामचन्द्र सापकोटा | हेटौंडा अस्पताल |

सल्लाहकार:-

| | | |
|---|---|---|
| प्रमुख | श्री रघुनाथ खुलाल | जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर |
| नगर प्रमुख | श्री हरिबहादुर महत | हेटौंडा उ.म.न.पा. |
| उप-प्रमुख | श्री मिना कुमारी लामा | हेटौंडा उ.म.न.पा. |

आमन्त्रित:-

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | श्री शिवराज चौलागाई | हेटौंडा उपमहानगरपालिका |
| रजिष्ट्रार | श्री राजेश प्रसाई | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा |
| डा. | श्री सागर काफ्ले | हेटौंडा अस्पताल |
| स्वास्थ्य शाखा प्रमुख | श्री रमण झा | हेटौंडा उपमहानगरपालिका |
| प्रहरी निरीक्षक | श्री प्रकाश पाण्डे | जिल्ला ट्राफिक प्रहरी कार्यालय, मकवानपुर |
| अध्यक्ष | श्री कृष्ण कटुवाल | मकवानपुर उद्योग वाणिज्य संघ |
| अध्यक्ष | श्री लेखराज पोखरेल | उद्योग संघ मकवानपुर |
| अध्यक्ष | श्री मणिराज गौतम | नेपाल पत्रकार महासंघ मकवानपुर |

शत्रुघ्न कार्की लायन्स क्लबको [signature]

सरोज खनाल [illegible] संघ [signature]

गोपीलाल विश्वकर्मा ने० क० पा० (माओवादी) [signature] ९८४५०३०६९२

विवश अधिकारी - प्रेस संयोजक - जिल्ला [illegible] मकवानपुर [signature]

केदार प्र. चौलागाईं - सहयोगी मन नेपाल - [illegible]प्रसाद ९८४५०६०४२२

निर्णयहरू:-

क. विश्वभर फैलिदैं गइरहेको नयाँ भेरियन्टको कोभिड-१९ को संक्रमण मकवानपुर जिल्लामा तीव्ररूपमा फैलिरहेको र मृत्यु दरमा समेत वृद्धि भएको हुँदा संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८-०१-०६ र १३ गतेको बैठकको निर्णयहरूमा भएको व्यवस्था बमोजिम संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम २०७८ साल बैशाख ३१ गते राती १२:०० बजेसम्म कायम रहेको निषेधाज्ञाको अवधिलाई मिति २०७८ साल बैशाख ३१ गते शुक्रबार राती १२:०० बजेदेखि मिति २०७८ साल जेठ १३ गते बिहीबार राती १२:०० बजेसम्म यस मकवानपुर जिल्लाभर निम्नबमोजिम हुने गरी आदेश गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

देहाय:-

१. औषधी उपचार र खाद्य वस्तु तोकिएको समयमा खरिद गर्न नजिकका पायक पर्ने स्थानमा जान बाहेक कुनै पनि व्यक्तिहरू घर बाहिर निस्कन, मर्निङ तथा इभनिङ्ग वाकमा जान र हिंडडुल गर्न नपाइने ।

२. अत्यावश्यक उपभोग्य वस्तु (खाद्यान्न, पानी, दूध, माछा, मासु, अण्डा, फलफूल तथा तरकारी) विक्री वितरण गर्ने पसल विहान ५:०० बजेदेखि विहान ८:०० बजेसम्म मात्र खोल्न पाइने, औषधी पसल, पेट्रोल पम्म, ग्याँस डिपो, अक्सिजन सिलिण्डर पसल नियमित सञ्चालन गर्नुपर्ने । फलफूल तथा तरकारीको थोक बजारबाट खुद्रा विक्री वितरण गर्न नपाइने । अन्य सबै प्रकारका व्यवसायहरू बन्द रहने ।

तर, हेटौडा उपमहानगरपालिकाको मुख्य शहरी क्षेत्र उत्तरमा चौकीटोल, दक्षिणमा कर्रा खोला, पश्चिममा थाना भर्याङ र पूर्वमा क्याम्पा डाँडाभित्रका औषधी र अक्सिजन सिलिण्डर विक्री वितरण गर्ने पसल बाहेक अन्य अत्यावश्यक उपभोग्य वस्तु (खाद्यान्न, पानी, दूध, फलफूल तथा तरकारी) विक्री वितरण गर्ने पसलहरू हप्तामा मंगलबार र शुक्रबार मात्र विहान ५:०० बजेदेखि विहान ८:०० बजेसम्म खोल्न पाइने । खोपेगल्लीस्थित रहेको तरकारी तथा फलफूल पसल र बसपार्कस्थित खुद्रा तरकारी बजार र माछामासु पसल सम्पूर्ण समयमा बन्द रहने ।

३. एम्बुलेन्स, बिरामी बोकेका गाडी, खाद्य वस्तु, तरकारी, दूध, खानेपानी, पेट्रोलियम पदार्थ बोक्ने ट्याङ्कर, स्वास्थ्य सामग्री र अक्सिजन ढुवानी गर्ने साधन, शव वाहन, फोहोर व्यवस्थापन गर्ने गाडी, पशुपंक्षीका दाना बोक्ने गाडी, कृषि मल तथा बीउबीजन बोक्ने गाडी, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, दूरसञ्चार, विद्युत, इन्टरनेट सेवा प्रवाह गर्ने सवारी साधन तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन र जिल्ला प्रशासन कार्यालयहरूबाट अनुमति प्राप्त सवारी साधन बाहेक कुनै पनि प्रकारका सार्वजनिक (मयुरी, अटो, टयामेपो समेत) वा निजी यात्रुवाहक (मोटरसाइकल समेत) र अन्य ढुवानीका सवारी साधनहरू सञ्चालन गर्न नपाइने ।

४. सरकारी कार्यालय, सार्वजनिक संस्थान, बैंक एवं अत्यावश्यक सेवा प्रदान गर्ने क्षेत्रमा कार्यरत कर्मचारी तथा कामदारहरूलाई सम्बन्धित कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा र

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

समाचार संकलन/सम्प्रेषण कार्यमा खटिएका सञ्चारकर्मीहरूको हकमा पहिचान खुल्ने फोटो सहितको परिचयपत्रका आधारमा आवत जावत गर्न दिइने ।

५. अन्य जिल्लाबाट आएका पूर्व-पश्चिम राजमार्ग भई जाने लामो दूरीका सवारी साधन, मालवाहक सवारी साधनहरू तथा निर्माण सामग्री ढुवानीका साधनहरू यस जिल्लामा नरोकिने गरी आवत जावत गर्न पाइने । औद्योगिक कच्चा पदार्थ, तयारी उत्पादन एवं खाद्यान्न बोक्ने सवारी साधनहरू हेटौडा उपमहानगरपालिकाको तोकिएको शहरी क्षेत्रभित्र विहान १०:०० बजेदेखि दिनको ३:०० बजेसम्म मात्र आवत जावत एवं लोड अनलोड गर्न पाइने र सोही समयमा मात्र सवारी साधन मर्मत गर्ने वर्कसपहरू खोल्न पाइने ।

६. अत्यावश्यक सरकारी सेवाहरू एक चौथाई कर्मचारीको व्यवस्थापन गरी आलोपालो प्रणालीबाट सञ्चालन गर्ने ।

७. बैंकबाट प्रदान गरिने सेवाहरू जनस्वास्थ्यका मापदण्ड अनिवार्य अवलम्बन गरी भिडभाड नहुने गरी एक चौथाई कर्मचारीहरूबाट मात्र हप्तामा मंगलबार र शुक्रबार २ दिन विहान ९:०० बजेदेखि दिनको १:०० बजेसम्म मात्र सञ्चालन गर्ने । अन्य वित्तिय संस्था, इन्स्योरेन्स कम्पनी, मनी ट्रान्सफर तथा वित्तिय सहकारी संस्थाहरू पूर्णरूपमा बन्द रहने ।

८. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा नित्य पूजा मात्र सञ्चालन गरी अन्य समयमा अनिवार्य बन्द गर्ने । धार्मिक, सांस्कृतिक र सामाजिक लगायत कुनै पनि प्रकारको जमघट तथा भेला हुने क्रियाकलाप सञ्चालन गर्न नपाइने । तर, विवाहका लागि बढीमा १५ जनासम्म नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा जनस्वास्थ्यका मापदण्ड पालना गरी सम्पन्न गर्न सकिने ।

९. विवाहका लागि जिल्लाभित्र एक ठाउँबाट अर्को ठाउँ वा अन्तर जिल्ला जानुपर्ने भएमा एकवटा सवारी साधनमा ७ (सात) जनासम्म मात्र जान सकिने ।

१०. औद्योगिक प्रतिष्ठानहरूले उद्योगमा कार्यरत मजदूर कर्मचारीहरूलाई जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गरी, गराई सम्बन्धित उद्योग प्रतिष्ठानमा कार्यरत मजदूर कर्मचारीहरूसँग समन्वय गरी उद्योग परिसरभित्रै वा निश्चित स्थानमा राखी बाहिर आवत जावत नहुने सुनिश्चितता गरी उद्योग सञ्चालन गर्न सकिने ।

११. विकास आयोजना तथा निर्माण कार्य सञ्चालन गर्दा आयोजनास्थल वा निर्माणस्थलमा नै कामदार तथा कर्मचारी रहने व्यवस्था मिलाई जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी, गराई निर्माण कार्य सञ्चालन गर्न सकिने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी